सूचना । सूचना ॥ सूचना ॥।

# श्री नन्दाबक्स गण रामेछाप व्यारेक, रामेछापको सिलवन्दी वोलपत्र आव्हानको सूचना

## सिलवन्दी वोलपत्र आब्हानको गो.प.मा प्रकाशित मिति २०७२/०६/२८ गते ।

सम्पूर्ण नेपाली सेनाको लागि २०७२ साल माघ १ गते देखि २०७३ साल पौष मसान्ततक (वर्ष १) को निमित्त आवश्यक पर्ने राशन सामानहरु ठेक्का वन्दोवस्त गर्नको निमित्त मिति २०७२/०६/२८ गतेको गोरखापत्रमा बोलपत्र आव्हानको प्रकाशित श्री राशन, ईन्धन र परिवहन महाशाखाको "राशन आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना" अनुसार यस रामेछाप जिल्लामा तैनाथ यस गणको लागि राशन सामानको ठेक्का लिन ईच्छूक व्यक्ति/फर्म/संस्था वा कम्पनीहरुबाट निम्न लिखित कागजातहरु संलग्न गरी तपसिल बमोजिम शिलबन्दी बोलपत्र पेश गर्नू हून सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. बोलपत्र खरिदकर्ताले लिखित निवेदन सहित निम्न लिखित कागजातको प्रतिलिपी पेश गरेर मात्र बोलपत्र खरिद गर्न सक्नेछन् ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

(ख) स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

(ग) फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

(घ) व्यवसाय दर्ताको ईजाजत पत्र (राशन आपूर्ति सम्बन्धी अनूमति पत्र) को प्रतिलिपी ।

२. बोलपत्रदाताले बोलपत्र पेश गर्दा बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नू पर्ने कागजातहरु:

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

(ख) मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र (भ्याट) र स्थायी लेखा नं.(प्यान) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ग) फर्म/संस्था वा कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(घ) व्यबसाय दर्ताको ईजाजंत पत्र:फर्म, संस्था वा कम्पनी दर्ता हुदां उद्देश्यमा राशन आपूर्ति गर्ने उल्लेख भएको भए सो प्रमाण पत्रको प्रतिलिपि वा राशन आपूर्तीको छुट्टै ईजाजत पत्र प्राप्त गरेको भए उक्त ईजाजत पत्रको प्रतिलिपि वा अन्य व्यवसायमा दर्ता भएको भए बाणिज्य बिभाग, कम्पनी रजिष्टारको कार्यालय, उद्योग बिभाग वा घरेलू तथा साना उद्योग कार्यालय मध्ये कूनै एक निकायबाट जारी भएको राशन आपूर्तिको ईजाजत (अनूमती) पत्रको प्रतिलिपि (नविकरण गर्नु पर्ने स्थिती र अवस्थाको भए नविकरण सहितको) ।

(ङ) आ.व.०७१/७२ को आषाढ मसान्त सम्मको आन्तरिक राजश्व विभागबाट प्राप्त कर चूक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजाद वा कर बिबरण पेश गर्न म्याद थप गरेको पत्रको प्रतिलिपी ।

(च) बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबांझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजायं नपाएको भनि लिखित रुपमा गरेको घोषण पत्र ।

(छ) संयूक्त रुपमा काम गर्न चाहने बोलपत्रदाताले संयूक्त उपक्रम सम्बन्धि कागजात बनाई पेश गर्नू पर्ने छ । संयूक्त उपक्रममा काम गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ को उपनियमा (१), (२), (६) र (७) मा तोकिएको सर्त तथा दायित्व बहन गर्नू पर्ने हूंदा एक संयूक्त उपक्रम बनाई पेश गर्नूपर्ने छ । उक्त उपक्रममा साझेदारको संख्या अधिकतम ३ हूनेछ र मूख्य साझेदारको हिस्सा न्यूनतम ४० प्रतिशत तथा अन्य दूई साझेदारहरु प्रत्येकको हिस्सा न्यूनतम २५ प्रतिसत हूनूपर्नेछ । साथै संयूक्त रुपमा बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताले बोलपत्र जमानत संयुक्त उपक्रमका सबै साझेदारको नाममा हूनूपर्नेछ र संयूक्त रुपमै बोलपत्र खरिद गर्नूपर्ने छ ।

(ज) बोलपत्रदाताले यस श्री नन्दाबक्स गणबाट तयार गरिएको बोलपत्रको पेज नं.१८ को सि.नं.९.१ मा उल्लेख गरेको बोलपत्र जमानत बापतको रु.१३,३८,०००।०० तेह्र लाख अठतिस हजार) नगदै रकम को.ले.नि.का.एकल खाता राष्ट्रिय बाणिज्य बैंक मन्थलीमा रहेको धरौटी खाता नं.१६८०२०३०००० कार्यालय कोड नं. २१–३४५-०२ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको श्री नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गका वाणिज्य बैंकले यस गणको नाममा जारी गरेको बोलपत्र जमानत पेश गर्नू पर्नेछ ।

(झ) बोलपत्र जमानतको मान्य अबधी १० करोड रुपैया सम्मको लागत अनुमान भएको ठेक्कोलागि बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मिति २०७२/०८/०३ गतेबाट १२० दिन सम्म र १० करोड रुपैया भन्दा जतिसुकै बढि लागत अनुमान भएको ठेक्काको लागि मिति २०७२/०८/०३ गतेबाट १५० दिन म्याद भएको पेश गर्नू पर्नेछ ।

(ञ) बोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २९ बमोजिम बोलपत्रमा उल्लेख भए अनूसारको श्री नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" बर्गका वाणिज्य बैंकबाट यस गणको नाममा ज़ारी भएको कबूल दरको आधारमा हून आउने कूल ठेक्का रकमको २५ प्रतिसतले हूने रकमको आर्थिक क्षमता (श्रोत) खूलेको प्रमाण (Line of Credit) को सक्कलै कागजात पेश गर्नू पर्नेछ ।

(ट) बोलपत्रदाताले बोलपत्र साथ नमुनाको रुपमा पेश गर्नूपर्ने भनि उल्लेख भए अनुसारको राशनको प्रत्येक आईटमको नमूना छुट्टा छुट्टै र बोलपत्रमा तोकिएको परिमाणमा नघटाई सिलबन्दी गरी बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गरी पेश गर्नु पर्नेछ ।

(ठ) बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने राशनको नमुना मध्य तपसिलमा उल्लेखित राशन सामाग्रीहरुको सुचनाको अवधिभित्र खाद्यप्रबिधि तथा गुण नियन्त्रण बिभाग, बबरमहल वा त्यसको बिभिन्न क्षेत्रीय कार्यालयहरुबाट अनिवार्य रुपमा गुणस्तर परिक्षण गराएको प्रत्यक खाद्य बस्तुको व्याच नं. र उत्पादन मिति खुलेको परिक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ ।

३. <u>बोलपत्रदाताहरुले पालना गर्नु पर्ने शर्तहरु:</u>

(१) सम्बन्धित व्यक्ति/फर्म/संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र संम्बन्धी कागजात पूर्णरुपमा भरि पेश गर्नु पर्ने छ ।

२. बोलपत्रदाताले बोलपत्र फाराममा दर कबुल गर्दा प्रत्येक आईटमको मुल्य अभिबृद्धिकर बाहेकको एकाई अनुसारको प्रति के.जी./लिटर/गोटा/पुरियाको दर अंक र अक्षरमा प्रस्ट र केरमेट नगरी उल्लेख गर्नु पर्ने छ ।

३. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता भएपछि सम्झौता बमोजिम २०७२ माघ १ गतेबाट कार्य प्रारम्भ गरी २०७३ साल पौष मसान्त सम्ममा कार्य सम्पन्न गरि सक्नु पर्ने छ ।

४. <u>सिलबन्दी बोलपत्र पेश गर्ने बोलपत्रदाताले ध्यान दिनू पर्ने कूराहरु:</u>

(क) बोलपत्र आवेदन फाराम यस गण कार्यालयको मूख्य प्रवेशद्वार (मूलगेट), श्री जिल्ला प्रशासन कार्यालय, मन्थली र श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मन्थलीवाट बोलपत्र दस्तूर रु.३,०००।०० (तिन हजार रुपैया) (पछि फिर्ता नहूने) तिरी उक्त सूचना गो.प.मा प्रकाशित भएको मितिले ३६ औं दिन मिति २०७२/०८/०३ गतेको १२०० वजेसम्म बिदाकों दिन बाहेक कार्यालय समयमा जूनसकै दिन यस गण कार्यालयको मूख्य प्रवेशद्वार (मूल गेट) मा दर्ता गरी सक्नू पर्नेछ ।

(ख) बोलपत्रदाताले तोकिए बमोजिमको बोलपत्र दस्तूर र लाग्ने हूलाक वा कूरियर महशूल तिरी बोलपत्र सम्बन्धी कागजात माग गरेमा हूलाक वा कूरियर मार्फत बोलपत्र पठाईनेछ तर सो सम्बन्धी कागजात सम्बन्धितले समयमा नै प्राप्त गर्न नसकेमा यस गण जवाफदेही हूनेछैन ।

(ग) कूनै बोलपत्रदातालाई बोलपत्र खरिद गर्न वा पेश (दाखिला) गर्नको लागि सूरक्षाको आवश्यक परेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा (७) बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयसंग सूरक्षाको व्यवस्था माग गर्न सक्नेछन ।

(घ) दर्ता भएका बोलपत्रहरु ३६ औं दिन अर्थात मिति २०७२/०८/०३ गतेको १३०० बजे यस गणमा उपस्थित प्रतिनिधी, बोलपत्रदाता वा बोलपत्रदाताले तोकेको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । तर बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त दिन कुनै सार्वजनिक बिदा परेमा त्यसको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयमा बोलपत्र खोलिनेछ ।

(ङ) यो ठेक्का नेपाली नागरिकलाई मात्र प्रदान गरिने छ र ठेक्का अवधिभर मूल्य बृद्धि दिईने छैन ।

(च) स्वीकृत राशन आपूर्तिकर्ताले नमूना बमोजिमको राशन खुवाउन नसकेमा वा तोकिएको सम्बन्धित यूनिट र पोष्टहरुमा राशन आपूर्ति गर्न नसकि राशन खुवाउने कार्यमा बाधा व्यवधान गरेमा प्रचलित सार्वजनिक खरिद ऐन र नियम तथा ठेक्का सम्झौताका शर्त बमोजिम कारवाही चलाई ठेक्का तोड्न सकिने छ । साथै ऐन र नियम बमोजिम कानूनी कारवाही हूनेछ ।

(छ) बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नियमानुसार अधिकार प्राप्त अधिकारीमा पूर्ण रुपमा सुरक्षित रहनेछ ।

(ज) सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ बमोजिम रीत नपुगेको बोलपत्र उपर कारवाही गरिने छैन ।

(झ) खरिद कारवाही वा निर्णयको पुनरावलोकनको लागि निवेदन दिन चाहने बोलपत्रदाताहरुले सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रही निवेदन दिन सक्नेछ ।

(ञ) आपूर्ति गर्नू पर्ने राशन सामाग्रीहरु (चामल, दाल, तोरीको तेल, चिनी, नून ,चियापत्ति, तरकारी (हरियो), तरकारी (गेडागुडी), आलू ,प्याज, मसला, खसिको मासु, कुखुराको मासु, कुखुराको फूल, मट्टीतेल (बिविध प्रयोजनको लागि मात्र) ।

(ट) राशन आपूर्तिकर्ता (ठेकेदार) ले तोरीको तेल, चिनी, नून, चियापत्ति लगायतका बिभिन्न राशन सामाग्रीहरु नेपाल सरकार द्वारा ईजाजत प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित वा विदेशबाट आयात गरी आपूर्ति गर्न सक्नेछन् । तर त्यस्ता राशन सामाग्रीहरु बोलपत्रमा उल्लेख गरिएका स्पेशिफिकेशनमा उल्लेख भए अनूसारको मापदण्ड अनूरुप भए/नभएको एकिन गर्नको लागि आवश्यकता अनूसार खरिदकर्ताले परिक्षण गराउन सक्नेछ ।

(ठ) खाली खाम, बैंक जमानत संलग्न नभएको, मूल्यसूची फारम नै नभरेको वा दर कबूल नगरी खाली बोलपत्र पेश गर्ने बोलपत्रदातालाई कालो सूचिमा राख्न सिफारिस गरिनेछ ।

(ड) बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजात वा अन्य कुरा सम्बन्धी थप जानकारी गराउन यस गणमा मिति २०७२/०७/२३ गतेको १३०० बजे बोलपत्र पेश गर्नू पूर्वको बैठकको आयोजना हूने भएकोले बोलपत्रदाताहरुले उक्त बैठकमा उपस्थित भई राशन खरिद सम्बन्धी प्रश्न वा जिज्ञासा राख्न सक्नेछन् ।

(ढ) अन्यत्र जूनसूकै कुरा लेखिएको भएतापनि बैंक वा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले कालो सूचि राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो सूचिमा कायम रहेको अवधीभर सार्वजनिक खरिद कारवाहीमा भाग लिन सक्ने छैन ।

(ण) बोलपत्रदाताहरुले अनिवार्य रुपमा पालना गर्नू पर्ने शर्त, संलग्न गर्नूपर्ने प्रमाण पत्र एवं कागजातहरुको सम्बन्धमा मिति २०७२/०६/२८ गते गो.प.मा प्रकाशित श्री राशन, ईन्धन र परिवहन महाशाखाको राशन आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना, यस सूचना र यसै सूचनासंग सम्बन्धित बोलपत्र सम्बन्धी कागजातमा लेखिएको जति कूरामा सोही बमोजिम र अन्य कूरामा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो संशोधित २०६८) अनूसार हूनेछ ।

(दिवाकर विक्रम राणा)
प्रमुख सेनानी
गणपति